धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
धुलिखेल, काभ्रेपलाञ्चोक
Dhulikhel, Kavrepalanchok

धुलिखेल नगरपालिका
(DHULIKHEL MUNICIPALITY)

प. सं:०७८/७९
च.नं: ४६२

फोन नं :०११-४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश,नेपाल


मितिः २०७८।०५।३०

श्री सामुदायिक विद्यालय सबै
धुलिखेल नगरपालिका, धुलिखेल।

विषयः प्रस्तावसहित निवेदन पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा तपसिलका शीर्षकमा तोकिएको मापदण्ड बमोजिम विद्यालय छनौट गर्नुपर्ने भएकोले सूचनामा तोकिएको शर्तको अधिनमा रही गतविगत वर्षमा यस किसिमको सेवा उपलब्ध नभएका इच्छुक विद्यालयहरुले देहायमा उल्लिखित व्यहोरा र कागजात समेत संलग्न राखी मिति २०७८।०६।२१ गते कार्यालय समयभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ।

तपसिलः

| क्र सं. | कार्यक्रम | निवेदन दिन पाउने विद्यालयहरु | निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु | कैफियत/विशेष टिप्पणी |
|---|---|---|---|---|
| १ | नमूना विद्यालय (नयाँ ३ तीन कोटा) | सबै सामुदायिक विद्यालयहरु (यस अघि नै नमूना छनौट भएका विद्यालय बाहेक) | १. विद्यालयको विद्यार्थी संख्या, भौतिक पूर्वाधारको अवस्था, कक्षा ५, ८ र एसइइको क्रमशः अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धिसमेत उल्लेख गरी विव्यसको निर्णय प्रतिलिपिसहितको निवेदन पत्र,<br>२. प्रतिवद्धता सहितको वडाको सिफारिस र<br>३. मापदण्ड अनुसारको स्वः मूल्याङ्कन फाराम (उक्त फाराम नगरपालिकाको शिक्षा शाखाबाट उपलब्ध गराइने वा मेलमा पठाइने) | नगरपालिकाको आव २०७८/०७९ को नीति कार्यक्रममा उल्लेख भएको |
| २ | नमूना विद्यालय (पुरानो ९ नौ कोटा) | गत आवमा नमूना छनौट भएका ९ विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या, भौतिक पूर्वाधारको अवस्था, कक्षा ५, ८ र एसइइको क्रमशः अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धिसमेत उल्लेख गरी विव्यसको निर्णय प्रतिलिपिसहितको निवेदन पत्र,<br>२. प्रतिवद्धता सहितको वडाको सिफारिस र<br>३. मापदण्ड अनुसारको स्वः मूल्याङ्कन फाराम (उक्त फाराम नगरपालिकाको शिक्षा शाखाबाट उपलब्ध गराइने वा मेलमा पठाइने)<br>४. गत आवमा नमूना विद्यालयका लागि पेश गरेको प्रस्तावना बमोजिम भएका कार्य प्रगति प्रतिवेदन (नमूना विद्यालय कार्यक्रमबाट शैक्षिक गुणस्तर विकासमा भएको प्रगति समेत उल्लेख गर्ने) | निरन्तरता |
| ३ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद तथा इ-पुस्तकालयसमेत) (१ एक कोटा) | माध्यमिक तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या, भौतिक पूर्वाधारको अवस्था, कक्षा ५, ८ र एसइइको क्रमशः अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धिसमेत उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र।<br>२. पुस्तकालय स्थापनाका लागि कक्षाकोठाको व्यवस्था र विद्यार्थीले निश्चित समयमा नियमित रुपमा अध्ययन गर्ने व्यवस्थासहितको कार्ययोजना बनाइ प्रतिवद्धतासहितको विव्यसबाट निर्णय भएको निर्णयको प्रतिलिपि,<br>३. पुस्तक खरिद र फर्निसिङ व्यवस्थापनको कार्ययोजना सहितको प्रस्ताव,<br>४. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र<br>५. लाइब्रेरी सञ्चालनका लागि एकजना शिक्षक वा कर्मचारीको व्यवस्था गरिने कार्यतालिका | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |

# धुलिखेल नगरपालिका
# Dhulikhel Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
धुलिखेल, काभ्रेपलाञ्चोक

**Dhulikhel, Kavrepalanchok**

धुलिखेल नगरपालिका (DHULIKHEL MUNICIPALITY)

फोन नं :०११-४९०३२४,४९०७२४

फ्याक्स नं :९७७-११४९००२९

बागमती प्रदेश,नेपाल


प. सं:०७८/७९

च.नं: ४६२

| | | | | |
|---|---|---|---|---|
| ४ | शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट,कनेक्टिभिटी इक्युपमेण्टस तथा Kits खरिद) का लागि अनुदान(१ एक कोटा) | माध्यमिक तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था कक्षा ५, ८ र एसइइको क्रमशः अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धिसमेत उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र<br>२. ICT स्थापनाका लागि कक्षाकोठाको व्यवस्था<br>३. अङ्ग्रेजी विज्ञान, गणित र कम्प्युटर शिक्षक भएको र निजले ICT सम्बन्धी कार्य गर्न सक्ने व्यहोरा खुलेको विद्यालयको पत्र<br>४. विव्यसबाट ICT सञ्चालनको प्रतिवद्धता गरिएको निर्णयको प्रतिलिपि,<br>५. ICT का लागि आवश्यक पर्ने कम्प्युटर, networking, internet आदि व्यवस्थापनका लागि आवश्यक सामग्री र फर्निसिङ व्यवस्थापनको कार्ययोजना सहितको प्रस्ताव,<br>६. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |
| ५ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान(१ एक कोटा) | माध्यमिक तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या, भौतिक पूर्वाधारको अवस्था, कक्षा ५, ८ र एसइइको क्रमश अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धिसमेत उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र<br>२. विज्ञान प्रयोगशाला स्थापनाका लागि कक्षाकोठाको व्यवस्था<br>३. विज्ञान विषयको शिक्षक भएको र निजले विज्ञान प्रयोगशालामा उपलब्ध सामग्रीहरु विद्यार्थीलाई प्रयोगात्मक गराउन सक्ने व्यहोरा खुलेको विद्यालयको पत्र<br>४. विव्यसबाट विज्ञान प्रयोगशाला सञ्चालनको प्रतिवद्धता गरिएको निर्णयको प्रतिलिपि,<br>५. विज्ञान प्रयोगशालाका लागि आवश्यक पर्ने ल्याव सामग्री व्यवस्थापनको कार्ययोजना सहितको प्रस्ताव,<br>६. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |
| ६ | विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान(४ चार कोटा) | माध्यमिक र आधारभूत तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था कक्षा ५,८ र एसइइको क्रमश अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धिसमेत उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र<br>२. तोकिएको सूचकाङ्कसहितको स्वःमूल्याङ्कन फाराम(उक्त सूचकाङ्क सहितको फाराम शिक्षा शाखाबाट उपलब्ध हुने वा मेलमा पठाइने)<br>३.विव्यसबाट विद्यालयको तोकिएको सूचकाङ्कबमोजिम कार्यसम्पादनस्तर बढाउने प्रतिवद्धता गरिएको निर्णयको प्रतिलिपि,<br>४. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |

माधव प्रसाद शर्मा

उपसचिव

बोधार्थ तथा कार्यार्थः

१. नगर प्रमुख ज्यू: अवगतार्थ

२. नगर उपप्रमुख ज्यू: अवगतार्थ

३. प्रमुख प्रशासकीय अधिकृतज्यू: अवगतार्थ

४. सबै वडा कार्यालय, धुलिखेल नगरपालिकाः जानकारीका लागि।

५. सूचना तथा प्रविधि शाखा, धुलिखेल नगरपालिका, धुलिखेलः नगरपालिकाको वेवसाइट तथा सामाजिक सञ्जालमा अपलोड गरिदिनुहुन।